नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
(बजेट कार्यान्वयन शाखा)

फोन: ४३८५३६
४३८५४५
४३८५४६

अनामनगर
काठमाडौं,नेपाल

मिति: २०६९।०३।०७

प.सं.:-२०६८/६९
च.नं.:- १४०१

विषयः- नपुग तलब र स्थानीय भत्ता सम्बन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
७५ जिल्ला ।

प्रस्तुत विषयमा चालु आ.व. २०६८/०६९ को लागि संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय अर्न्तगतका देहायमा उल्लेखित कर्मचारीहरुको लागि नपुग हुने तलब र स्थानीय भत्ताको सम्बन्धमा तपसिल अनुसार गर्नु गराउनु हुन मिति २०६९/३/७ को निर्णयानुसार अनुरोध छ ।

तपसिल

१. संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय अर्न्तगतका जिल्ला विकास समिति, जिल्ला प्राविधिक कार्यालय र गाउँ विकास समितिमा कार्यरत निजामती कर्मचारीहरुलाई निजामती किताबखानाबाट पारित भएको तलबी प्रतिवेदनको आधारमा २०६९ आषाढ मसान्तसम्मको लागि नपुग हुने तलब तथा स्थानीय भत्ता वापतको रकम ब.उ.शि.नं.६०१०१६३ को खर्च शिर्षक नं २११११ बाट सम्बन्धित कार्यालयको ब.उ.शि.नं मा रकमान्तर निकासा दिने ।

२. जिल्ला विकास समितिको अनुदान तर्फका कर्मचारीहरुको हकमा जि.वि.स. कै मिल्दो खर्च शिर्षकबाट व्यवस्थापन गर्ने सम्बन्धित कार्यालयलाई जानकारी गराउने ।

२०६९/३/७
.........................
(हरिबहादुर बाँनिया)
उप- सचिव(लेखा)

बोधार्थ
श्री अर्थ मन्त्रालय
बजेट तथा कार्यक्रम महाशाखा
सिंहदरबार, काठमाडौं ।
श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
(आर्थिक प्रशासन शाखा)
श्री महल पुल्चोक, ललितपुर ।

नेपाल सरकार

# संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

## (स्थानीय निकाय सहयोग शाखा)

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय २०६९

प.स. : स्था.नि.स.२०६८/०६९
च.नं. : ४३८

मिति :- २०६९-२-३२

**विषय :- नपुग तलब भत्ता सम्बन्धमा ।**

श्री जिल्ला विकास समितिको कार्यालय,
सबै (७५ वटै) ।

प्रस्तुत विषयमा आर्थिक वर्ष २०६८/६९ को लागि जिल्ला विकास समितिहरुलाई व.शी.नं. ३६५८०१३ खर्च शिर्षक २६३११ मा विनियोजित रकमबाट चालु वर्षको तलब भत्ताको लागि नपुग भएको सन्दर्भमा थप निकासाको लागि अर्थ मन्त्रालयसँग पत्राचार हुँदा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत जिल्ला विकास समिति, जिल्ला प्राविधिक कार्यालय र गाउँ विकास समितिमा कार्यरत निजामति कर्मचारीहरुलाई निजामति किताबखानाबाट पारित भएको तलबी प्रतिवेदनका आधारमा नपुग हुने तलब वापतको रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत निकासा दिने व्यवस्था हुन र प्रशासन अनुदान तर्फका कर्मचारीहरुको हकमा जिल्ला विकास समितिकै मिल्दो खर्च शिर्षकबाट व्यवस्थापन गर्न हुन निर्णयानुसार अनुरोध छ भनी अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाले महालेखा नियन्त्रक कार्यालयलाई मिति २०६९/२/३१ मा पठाएको पत्रको बोधार्थ प्राप्त भई जानकारी हुन आएकोले सो अनुसार व्यवस्था मिलाउनु हुन प्राप्त पत्र यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०६९/२/३२
(डाल विक्रम कँडेल)
शाखा अधिकृत

**बोधार्थ/कार्यार्थ :**
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
सूचना प्रकाशन तथा अभिलेख शाखा : *यस पत्र र अर्थ मन्त्रालयको संलग्न पत्र मन्त्रालयको वेव साइटमा राखिदिने व्यवस्था हुन अनुरोध छ ।*

नेपाल सरकार

# अर्थ मन्त्रालय

बजेट तथा कार्यक्रम महाशाखा

स.स.म. ४२११९९३
राजस्व म. ४२११८६७
बजेट म. ४२११८०१
वैदेशिक म. ४२११८३७
प्रशासन म. ४२११७४८
आ.का.बी. म. ४२११८२६
आ.प्र. म. ४२११७७५
कानून म. ४२११८१३

सिंहदरबार

काठमाडौं नेपाल ।


प.सं. २०६९/०७०
च.नं. १२६६

जेष्ठ

**विषय :** नपुग तलव भत्ता सम्बन्धमा ।

श्री महालेखा नियन्त्रक कार्यालय,
अनामनगर ।

उपर्युक्त बिषयमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत जिल्ला विकास समिति, जिल्ला प्राविधिक कार्यालय र गाउँ विकास समितिमा कार्यरत निजामती कर्मचारीहरु ५४९३ जनालाई निजामती किताबखानाबाट पारित भएको तलवी प्रतिवेदनका आधारमा नपुग हुने तलव बापतको रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत निकासा दिने व्यवस्था मिलाउनु हुन निर्णयानुसार अनुरोध छ । चालु आ.व. मा वृद्धि भएको तलव बापतको खर्च भएको रकम एकिन गरी निकासा भएको रकम नपुग हुने भएमा निकासा माग गर्नु हुन समेत मिति २०६९।२।३० (माननीय मन्त्रिस्तर) को निर्णयानुसार अनुरोध गरिन्छ ।

२०६९।२।३१

(चन्द्रकान्त निरौला)
शाखा अधिकृत

**बोधार्थ :**

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय : *अनुदानतर्फका कर्मचारीहरुको हकमा जि.वि.स. कै मिल्दो खर्च शीर्षकबाट व्यवस्थापन गर्नुहुन निर्णयानुसार अनुरोध छ ।*